<table>
<tr>
<td>

**केस र अधिकारीको जानकारी:**

केस नम्बर: ____________________

अधिकारीको नाम: ____________________

विभाग: ____________________

____________________, भर्मन्ट ____________

802-_______-___________

**राज्यको सरकारी वकिलको कार्यालय - काउन्टी:** ____________

____________________

____________________, भर्मन्ट ____________

802-_______-___________

</td>
<td>

***शंकास्पद जानकारी:**

अभियुक्तको नाम: ____________________

हिरासतमा लिइएको: ______छ ______छैन

प्रमाणमा छोडिने छ: ______छ ______छैन

मुद्दा दायर भएको मिति: ____________________

निम्न कारणले गर्दा जानकारी लुकाइएको छ: ____________

____________________

***वयस्क अपराधी वा "सूचीबद्ध"** अपराध **भएमा मात्र पूरा गर्नुहोस् - 33 VSA 5204 (a)**

</td>
</tr>
</table>

## भर्मन्टमा अपराधको शिकार भएको व्यक्तिको रूपमा तपाईंको अधिकार

---

अपराधको शिकार वा पीडितको परिवारको सदस्यको रूपमा, तपाईं भ्रमित, असहाय, क्रोधित वा यहाँसम्म कि डरलाग्दो महसुस गर्न सक्नुहुन्छ। तपाईंलाई मद्दत गर्नका लागि नि:शुल्क सेवा र सहायताहरू छन्। यस प्रणालीमा धेरै व्यक्तिहरू काम गर्छन् जसले तपाईंको ख्याल राख्छन् र तपाईंको मद्दत गर्नका लागि प्रतिबद्ध छन्। **अपराधको शिकार भएको नाताले तपाईंलाई अधिकार छ**!

**छनौट गर्ने अधिकार**

- तपाईंको केस अगाडि बढ्छ भने तपाईंले आफू कसरी सहभागी हुनुहुन्छ भनेर छनौट गर्न सक्नुहुन्छ।
- तपाईंले अदालतको कोठा बाहिर वा शपथ ग्रहण गरेको बयान कसैको कुनै पनि प्रश्नको जवाफ दिनु पर्दैन। बयान भनेको एक औपचारिक प्रक्रिया हो जहाँ तपाईंले रेकर्ड गरिएको, शपथ लिएको गवाही दिनु हुन्छ।

**वकालत गर्ने अधिकार**

अभियुक्तमाथि आरोप लागेमा तपाईंलाई राज्यको अधिवक्ताको कार्यालयबाट पीडित पक्षको अधिवक्ता नियुक्त गरिनेछ। तपाईंको अधिवक्ताले सहायता र जानकारी प्रदान गर्न सक्छ र तपाईंलाई निम्नलिखित मद्दत गर्न सक्छ:

- आफ्नो अधिकार बुझ्न;
- कागजी कार्य पूरा गर्न;
- योग्य अपराधसँग सम्बन्धित क्षतिहरू लागि आर्थिक सहयोगको अनुरोध गर्न;
- कानून प्रवर्तन र वकिलहरूसँग कुराकानी गर्न; र
- तपाईंलाई अदालतको कार्यवाहीको बारेमा जानकारी गराउन।

**तपाईंको अधिवक्ता तपाईंका लागि उपलब्ध हुन्छ!** तपाईंका कुनै प्रश्न वा चिन्ताहरू भएमा उनीहरूलाई सम्पर्क गर्नुहोस्।

**सुरक्षाको अधिकार**

तपाईंलाई आफ्नो सुरक्षाको बारेमा चिन्ता छ भने पहिले कानून प्रवर्तन एजेन्सीलाई फोन गर्नुहोस्। त्यसपछि आफ्नो पीडित अधिवक्तालाई फोन गर्नुहोस्। **उनीहरूले तपाईंलाई मद्दत गर्न सक्छन्!**

**सुनुवाइको अधिकार**

तपाईंले छनौट गर्नुहुन्छ भने तपाईंको अदालतको प्रक्रियामा आवाज उठाउने अधिकार हुन्छ। यसमा तपाईंको पीडित पक्षको अधिवक्तासँग तपाईंको विचार साझा गर्नु, पीडित पक्षलाई परेको प्रभावसम्बन्धी बयान लेख्ने र सजाय सुनाउने क्रममा अदालतलाई सम्बोधन गर्नु समावेश हुन सक्छ।

**आर्थिक सहायताको अधिकार**

पीडित क्षतिपूर्ति कार्यक्रमले अपराधको पीडितहरूलाई सीमित आर्थिक सहायता प्रदान गर्दछ। आर्थिक नोक्सानको अपराधको प्रत्यक्ष परिणाम हुनुपर्छ र बीमा जस्ता अन्य स्रोतहरू द्वारा कभर गरिनु हुँदन। तपाईंलाई साक्षीको रूपमा बोलाइन्छ वा अदालतको सुनुवाइमा उपस्थित हुन आदेश दिइन्छ भने तपाईंले साक्षी शुल्क र माइलेजका लागतहरू पाउन सक्नुहुन्छ। यस कार्यक्रमको बारेमा थप जानकारीका लागि 800-750-1253 मा Vermont Center for Victim Services मा सम्पर्क गर्नुहोस्।

*तपाईंको क्षतिपूर्ति माग्ने अधिकार छ!* अदालतले प्रतिवादीको सजायको अंशको रूपमा बीमा नगरिएको नोक्सानका लागि प्रतिपूर्तिको आदेश दिन सक्छ। तपाईंका सबै रसिदहरूलाई जोगाएर राख्न निकै महत्त्वपूर्ण छ। तपाईंको भिक्टिम एडभोकेटले तपाईंको दावीमा तपाईंलाई मद्दत गर्न सक्छ वा तपाईंले (802) 241-4688 मा Restitution Unit लाई फोन गर्न सक्नुहुन्छ।

**जानकारी तथा सूचनाको अधिकार**

अभियुक्तलाई आरोप लगाइएको छ भने तपाईंलाई आफ्नो केस अगाडि बढ्दै जाँदा - यो समाधान भइसकेपछि पनि जानकारी पाउने अधिकार छ। तपाईंका अरू धेरै अधिकारहरू छन्। तपाईंलाई उपलब्ध अधिकारको सीमा अपराधको प्रकृतिमा भर पर्दछ। तपाईंको भिक्टिम एडभोकेटलाई तपाईंको जानकारी र सूचनाको विशेष अधिकारको बारेमा सोध्नुहोस् ताकि तपाईंले के अपेक्षा गर्ने भनेर थाहा पाउनुहुनेछ। तपाईंको अधिवक्ताले तपाईंलाई तपाईंका विकल्पहरू बुझ्न मद्दत गर्न सक्छ।

तपाईंको आफ्नो केससँग सम्बन्धित केही रेकर्डहरूमा पनि पहुँच छ। थप जान्नका लागि यस फारममा कानून प्रवर्तन विभागलाई सम्पर्क गर्नुहोस्।

---

## घरेलु हिंसा र यौन हिंसाका पीडित व्यक्तिहरूसँग थप अधिकारहरू छन्।

तपाईंको स्थानीय भर्मन्ट नेटवर्क प्रोगामले घरेलु र यौन हिंसाबाट पीडित भएका र बचेका व्यक्तिहरूलाई सहायता गर्छ। यस सहायतामा निम्न कुरा समावेश हुन सक्छ: नि:शुल्क र गोप्य 24/7 हटलाइन सहायता, कानुनी प्रणालीमा मद्दत, वित्तीय, चिकित्सा र व्यक्तिगत चिकित्सा वकालत, आपतकालीन आश्रय फेला पार्न मद्दत तथा सुरक्षा आदेश फाइल गर्न सहायता। तपाईं यौन हिंसाको सिकार हुनुहुन्छ भने तपाईंका लागि थप सेवाहरू नि:शुल्क उपलब्ध छन्। तपाईंले कुनै पनि अपराधको सूचना दिन आवश्यक छैन। तपाईंको स्थानीय नेटवर्क प्रोग्रामबाट तल सूचीबद्ध नम्बरमा सम्पर्क गर्नुहोस्।

**घरेलु र यौन हिंसा विरुद्ध भर्मन्ट नेटवर्क**

**घरेलु हिंसा 24-घण्टे हटलाइन: 1-800-228-7395**
**यौन हिंसा 24-घण्टे हटलाइन: 1-800-489-7273**

*हटलाइनहरू केही अपवादहरू बाहेक गोप्य छन्।*
*यी अपवादहरूको बारेमा थप जान्नका लागि पहिले तपाईंको चिन्ताको बारेमा हटलाइन वा अधिवक्तासँग कुरा गर्नुहोस्।*

**मेरो स्थानीय नेटवर्क कार्यक्रम निम्न छ:** ______________________________

https://www.vtnetwork.org/ मा आफ्नो नजिकका नेटवर्क कार्यक्रमको बारेमा थप जानकारी खोज्नुहोस्

यो फारमलाई www.ccvs.vermont.gov मा पनि हेर्न सकिन्छ र अनुरोध गर्दा अन्य ढाँचाहरूमा उपलब्ध छ। थप जानकारीका लागि यो वेबसाइट वा 1-800-750-1213 मा Vermont Center for Crime Victims Services लाई सम्पर्क गर्नुहोस्।